# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ८ संख्याः १५, मितिः २०८१ साल कात्तिक २९ गते**

**भाग -२**

## अन्नपूर्ण गाउँपालिका

## बाँझो जग्गा उपयोगमा अनुदान कार्यविधी -२०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/३०**

**प्रस्तावना**

अन्नपूर्ण गाउँपालिका क्षेत्र भित्र रहेका कृषि योग्य तर बाझो रहेका जमिनमा खेति गर्नका लगि कृषकहरुलाई प्रोत्साहन गर्न साथै कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा अन्नपूर्ण गाँउपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि अन्नपूर्ण गाँउपालिका गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

### प्रारम्भिक

**१. सम्क्षिप्त नाम र प्रारम्भ**

(क) संक्षिप्त नाम-यस कार्यविधिको नाम "बाँझो जग्गा उपयोगमा अनुदान कार्यविधि २०८१" रहेको छ ।

(ख) प्रारम्भ — यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् लागु हुनेछ ।

२. **परिभाषाः** बिषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्याविधिमा,

(क) "गाँउपालिका" भन्नाले अन्नपूर्ण गाँउपालिकालाई जनाउँनेछ ।

(ख) ""अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले अन्नपूर्ण गाँउपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले अन्नपूर्ण गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) “कृषि शाखा” भन्नाले अन्नपुर्ण गाँउपालिकाको कृषि विकाश शाखालाई जनाउँनेछ ।

(च) “आर्थिक विकास समितिको संयोजक” भन्नाले गाँउकार्यपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ।

(छ) “बाँझो जमिन” भन्नाले कृषियोग्य भूमिको रुपमा चलनचल्तिमा रहि कम्तिमा ३ वर्ष देखि खेति नभई खालि रहेको जमिनलाई जनाउने छ ।

(ज) “खाद्यान्न बाली” भन्नाले धान, मकै, गहुँ, जौ, कोदो उवा लगायतका बालीलाई जनाउँने छ।

(झ) “तरकारी बाली” भन्नाले साग, आलु, सिमि, बोडी, करेला, लौका, काक्रा, फर्सि, , घिरौला, गोलभेंडा, काउली वन्दा लगायतका बालीलाई जनाउँने छ।

(ञ) “मसला बाली” भन्नाले अदुवा, बेसार, जिरा, धनियाँ, अलैंची लगायतका बालीलाई जनाउनेछ।

(ट) “फलफुल बाली” भन्नाले सुन्तला, कागती, केरा, किवि, लप्सि, ओखर, एभोकाडो जस्ता बालीलाई जनाउँने छ।

(ठ) “तेलहन बाली” भन्नाले तोरी, सर्स्यु, सुर्यमुखी लगायतका बालीलाई जनाउँने छ।

(ड) “लाभग्राही” भन्नाले बाँझो जग्गामा खेति गर्नका लागि छनोट भएका किसानलाई जनाउँने छ।

(ढ) “समिति” भन्नाले बाझ जग्गामा खेती गर्नका लागि आवेदन पेश गर्ने कृषकहरुबाट लाभग्राही छनौट गर्न बनेको समितिलाई जनाउँने छ।

## ३. बाँझो जग्गाको लगत राख्ने

(१) यो कार्यविधि प्रारम्भ भए पश्चात् बाँझो जग्गाको लगत राख्ने काम प्रारम्भ हुनेछ।

(२)बाँझो जाग्गाको एकीकृत लगत राख्ने कार्य अनूसुची १ र २ बमोजिमको ढाचाँमा कृषि विकास शाखाले गर्नेछ।

(३)यस गाँउपालिका भित्र लगत राख्ने प्रयोजनको लागि जुनसुकै खेतियोग्य जमिन विगत ३ वर्ष देखि बाँझो रहेको विवरण उपलब्ध गराउन कृषि विकास शाखाले प्रत्येक वडा कार्यलय मार्फत् ७ दिने सार्वजनिक सुचना प्रकाशित गर्नेछ।

(४) उपदफा ३ बमोजिम सार्बजनिक सुचना जारी भएपछि जग्गाधनि स्वयम् वा निजको मन्जुरीनामा प्राप्त व्यक्तिले  बाँझो जग्गाको विवरण नजिकको वडा कार्यलय वा कृषि शाखामा उपलब्ध गराउनुपर्नेछ ।

**४.** अनुदान उपलब्ध गराउने आधार;यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउँदा देहाय बमोजिम आधार लिईनेछ।

(क) विगत तीन वर्ष खेति नगरी खालि भएको खेति योग्य जमिनलाई मात्र अनुदान उपलब्ध गराईनेछ।

(ख) विगत तीन वर्ष खेति नगरी बाँझो रहेको जग्गमा यस कार्यविधि बमोजिमको शर्त र मापदण्ड बमोजिम खेतिपाति गरेमा स्वयम् जग्गा धनि निजको अंसियार वा सो भन्दा बाहेक करार बमोजिम खेतिपाति लगाउने जो कोहि व्यक्ति,समुह ,फर्म वा सहकारीले खेति बाली लगाएको अवस्थामा समेत अनुदान दाबि गर्न सक्नेछन् ।

(ग) अनुदान सम्बन्धि मापदण्ड अनुसुचि ३ बमोजिम हुनेछ।

(घ)बाँझो जग्गा उपयोग पश्चात् स्थलगत अनुगमन प्रतिवेदनलाई आधार बनाई अनुदान उपलब्ध गराईनेछ ।

**५.** सुचना प्रकाशन सम्बन्धि ब्यवस्था ; बाँझो जग्गा उपयोग गरि खेति गर्न चाहने कृषकको लागि १५ (पन्ध्र) दिनको सार्वजनिक सुचना प्रकाशन गरिनेछ ।

**६.** निवेदन सम्बन्धि ब्यवस्था; सार्वजनिक सुचना प्रकाशन भए पश्चात् बाँझो जग्गा उपयोग गर्न ईच्छुक व्यक्ति वा संस्थाले देहायका कागजातहरु संलग्न गरि गाँउपालिकामा निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथ अनुसुचि १ बमोजिमको सर्वेक्षण फारम समेत पेश गर्नुपर्नेछ ।

(क) वडा कार्यलयको सिफारिस, जग्गा धनिपूर्जाको प्रतिलिपि, तिरो तिरेको निस्सा, नागरिकताको प्रतिलिपि,

(ख) जग्गाधनीसँग जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षका लागि भएको सम्झौताको कागजात

(ग) विगत तीन वर्ष देखि खेति नगरि बाँझो रहेको खुल्ने स्थलगत सर्जमिन मुचुल्का,

(घ) बाँझो जग्गा उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले उत्पादन गर्न चाहेको बालीको किसिम

ङ) संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमानपत्रको प्रतिलिपि र निर्णय,पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र व्यवसाय इजाजत पत्रको प्रतिलिपि ।

**७. छनोट प्रक्रिया** ; सार्वजनिक सुचना प्रकाशन भए पछि प्राप्त निवेदनहरुको छनोट दफा ११ को उपदफा १ बमोजिमको लाभग्राही छनोट समितिबाट देहाय बमोजिम हुनेछ ।

(क) उपलब्ध बजेट ,निवेदकको संख्या र क्षेत्रफलसँग सन्तुलन कायम गरि लाभग्राहि कृषकको छनोट गरिनेछ ।

(ख) जग्गाको प्रकृति, भू-बनोट तथा पूर्वधारको आधारमा उच्च प्रतिफलदिने बाली छनोट गर्ने कृषकलाई प्राथामिकता दिईनेछ ।

(ग) अन्नपूर्ण गाँउपालिकाको स्थानिय बासिन्दा,विपन्न कृषक र वैदेशिक रोजगारबाट फर्केका बेरोजगार युवाहरुलाई प्राथामिकता दिईनेछ ।

**८. बजेट सम्बन्धि व्यवस्था;** बाँझो जग्गामा खेतिपाति गर्ने कृषकहरुलाई उपलब्ध गराईने बजेटको व्यवस्था गाँउपालिका,संघ तथा प्रदेश सरकार र साझेदार संस्थाबाट गरिनेछ ।

**९.अनुगमन सम्बन्धि व्यवस्था** ; बाँझो जग्गा उपयोग सम्बन्धि अनुसुचि -४ बमोजिम अनुगमन गरी सिफरिश गर्नको लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

(क) सम्बन्धित वडाको अध्यक्ष संयोजक

(ख) सम्बन्धित वडाको सचिव सदस्य

(ग) कृषि विकास शाखाको प्राविधिक १ जना सदस्य

(घ) आर्थिक विकास शाखा प्रमुख सदस्य सचिव

**१०. भुक्तानी प्रकृया** ; अनुदान रकम भूत्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम संञ्चालनको लागि अनुसूची-३ मा उल्लेखित मापदण्डको आधारमा दफा ९ बमोजिमको अनुगमन समितिबाट सिफारिस भए अनुसारको अनुदान प्रदान गरिनेछ ।तोकिए बमोजिमको अनुदान वार्षिकरुपमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

(ख) तरकारी र खाध्यान्न बालीको हकमा एक वर्षमा कम्तिमा दुईबाली उतपादन गरेको हुनुपर्नेछ । तर कुनै पनि कृषकले तरकारी खाध्यन्न र तेलहन बालीहरु मध्ये कुनै दुई किसिमको बाली उत्पादन गर्न सक्नेछन्।

(ग) तरकारी र खाध्यन्न बालीको हकमा उत्पादन भईसके पश्चात् उत्पादित परिमाणलाई आधार मानि अनुदान उपलब्ध गराइनेछ ।

(घ) फलफुलको हकमा शुरुमा लगाइएका बिरुवाको वृद्धिस्तर र संख्या समेतको आधारमा १ वर्ष पछी उपलब्ध गराईनेछ ।

(ङ) उत्पादनको लागि ८ महिना भन्दा बढी समय लाग्ने बालीहरु (अदुवा, तरुल, बेसार, सख्खरखण्ड आदि) को हकमा वर्षमा एउटा बाली मात्र उत्पादन गरे हुनेछ ।

(च) एउटै जग्गामा एक भन्दा बढि बालीहरु उत्पादन भएको अवस्थामा कुनै एक बालीमा मात्र अनुदान उपलब्ध गराइनेछ ।तर प्राकृतिक प्रकोपको कारणले सम्झौता बमोजिम कार्य सम्पन्न हुन नसकेको अवस्थामा अनुगमन समितिले स्थलगत निरीक्षण गरी प्रतिवेदनमा उल्लेखित बालीको क्षतिको आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) अनुदान दाबि गर्दा देहायबमोजिम कागजात पेश गर्नु पर्नेछ ।

(क) निवेदन

(ख) वडा कार्यलयको सिफारिस

(ग) खेति गरेको जग्गाको कम्तिमा ३ प्रति फोटो

(घ) अनुगमन समितिको प्रतिवेदन

**११. लाभग्राहि छनोट समिति सम्बन्धि व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम लाभग्राहि छनोट गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक लाभग्राहि छनोट समिति रहनेछः

१. गाँउपालिकाको अध्यक्ष -संयोजक
२. गाउँपालिकाको उपाध्यक्ष — सदस्य
३. आर्थिक विकास समिति संयोजक -सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
५. कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।
(३) बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. सम्झौता सम्बन्धि व्यवस्था;** यस कार्यविधि बमोजिम छनोट भएका लाभग्राहि किसान वा कृषक वा संस्था बीच कार्यलयको ३ वर्षको लागि अनुसूची ५ बमोजिम सम्झौता गर्नेछ ।

**१३. संशोधन;** यस कार्यविधिको संशोधन आवश्यकता बमोजिम गाँउपालिकाले गर्नेछ ।

**१४. वाधा अड्काउ फुकाउ;** यस कार्यविधि कार्यान्वयनमा द्धिविधा उत्पन्न भएमा गाँउ कार्यपालिकाले तत् तत् विषयमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

## अनुसूची -१

### दफा ३ संग सम्बन्धित

### बाँझो भूमि तथ्याङ्क संकलन फारम (सर्वेक्षण फारम)

१. जग्गा धनिको नामथर ;

२. जग्गाधनिको स्थायी ठेगाना ; टोल; वडा नं;
गाँउ\नगरपालिका; जिल्ला ; प्रदेश;

३. हालको बसोबास रहेको ठेगाना ; टोल; वडा नं;
गाँउ\नगरपालिका; जिल्ला ; प्रदेश;

४. जमिन बाँझो हुनुको कारण ;

५. बाँझो रहेको जग्गाको ठेगाना ; क्षेत्रफल;

६. बाँझो जग्गामा जग्गा धनि खेति गर्न इच्छुक छन \ छैन्न?

७. यदी छन् भने कहिलेबाट खेति सुरु गर्ने योजना छ?

८. यदि छैन्न भने खेती नगर्नुको कारण के छ ?

९. जग्गा धनी अरयलाई उत्पादानको लागि आफ्नो बाँझो जमिन भाडा \ लिजमा दिन तयार छन् \ छैन्न ?

सिँचाई सुविधा छ \ छैन ?

१०. सिँचाई कुलोको अवस्था कस्तो छ ?

११. बाँझो जमीनमा हुन सक्ने सम्भावित कृषि बालीको नाम ;-

१२. बाँझो जमिनबाट सम्भावित कृषि खेतिबाट हुने अनुमानित उत्पादन ;-

## अनुसूची -२

## बाँझो जग्गाको लगत दर्ता रजिष्टर

दफा ३ संग सम्बन्धित

| क्र.स | जग्गा धनिको नामथर | ठेगाना | जग्गा रहेको स्थान | जग्गा बाँझो रहेको अवधि | जग्गाको किसिम | कि. नं | क्षेत्रफल रोपनी | प्रस्तावित बालीको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची -३**

**दफा ४ संग सम्बन्धित**

**अनुदान वर्गीकरण**

| बालीको नाम | अनुदान प्रति रोपनि रु. | | | कैफियत |
|---|---|---|---|---|
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| खाद्यान्न बाली | ३००० | २००० | १००० | |
| तरकारि बाली | ३००० | २००० | १००० | |
| जडिबुटि खेति | २००० | १००० | ५०० | |
| मसला बाली | २००० | १००० | ५०० | |
| तेलहन बाली | ३००० | २००० | १००० | |
| बालीको नाम | अनुदान प्रति रोपनि प्रति विरुवा संख्या रु. | | | कैफियत |
| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| फलफूल बाली | ७५ | ५० | ३० | |

## अनुसूची -४

## दफा ९ संग सम्बन्धित

## बाँझो जमिन उपयोग सम्बन्धि अनुगमन फारमको ढाँचा

१.कार्यक्रमको नाम ;.............................

२.कार्यक्रम संञ्चालन स्थान ;वडा नं;-..............स्थान;-.......................

३.बाली लगाउन शुरु मिति ;...............................

४.प्रतिफल दिन सक्ने मिति;....................र अनुमानित प्रतिफल ......................

५.जग्गाको कुल क्षेत्रफल \बिरुवाको संख्या .................

६.बाली\खेतिको किसिम ..............................

७.कार्यक्रमको प्रकृति (क) स्वरोजगार तथा उत्पादनमूलक (ख) उद्यमशिलता प्रवर्द्धन गर्ने

क. कृषि बाली \खेतिको (क) कुल लागत रु. ..............(ख) कार्यलयबाट उपलब्ध हुने र नाम ....................पद....................... दस्तखत..................

८.कम रु........................(ग) अन्य निकायबाट प्राप्त सहयोग रु...................

९.कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौता सर्तको पालना भए \नभएको;

१०.कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त भए\नभएको ;भएमा कति भयो ?

११.कार्यक्रमको समग्र उपलब्धिको अवस्था र दिगोपन ;

१२.लाभग्राहिको धारणा वा प्रतिकृया ;

१३. अनुगमनकर्ताको टिप्पणी,सुझाव र निर्देशन ;..............................

.

अनुगमन समितिका पदाधिकारीहरु

क .नाम ....................पद....................... दस्तखत..................

ख .नाम ....................पद....................... दस्तखत..................

ग .नाम ....................पद....................... दस्तखत..................

घ .नाम ....................पद....................... दस्तखत.................

ङ .नाम ....................पद....................... दस्तखत..................

**अनुसूची -५**

**दफा १३ संग सम्बन्धित**

**सम्झौता पत्रको ढाँचा**

<u>सम्झौता पत्र</u>

यो सम्झौता मिति....................गतेका दिन अन्नपूर्ण गाँउपालिका ,कास्की................

(यस पछि प्रथम पक्ष भनिने) र .................(यस पछि दोस्रो पक्ष भनिने ) बिच “बाँझो जग्गा उपयोगमा अनुदान कार्यविधि, २०८१” बमोजिम ......... कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ। यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१.सम्झौता गरेको कामको विवरण;

कार्यक्रमको शिर्षक ;

कार्यक्रम संञ्चालन गर्ने व्यक्ति\ संस्थाको ठेगाना ;

कार्यक्रम संञ्चालन गर्ने स्थान र जग्गाको क्षेत्रफल ;

बाली वा खेतीको किसिम;

२.कार्यक्रम संञ्चालन अवधी;

| | |
|---|---|
| शुरु मिति; | |
| सम्पन्न हुने मिति; | |
| कार्यक्रमको कुल अवधी(महिना\दिन) | |

विशेष परिस्थितिमा सामान्यतया दुवै पक्षको समझदारीमा लिखित सहमतिको आधारमा सम्झौताको अवधि थपघट हुन सक्नेछ ।

३.सम्झौताका शर्त एवम् अवस्थाहरु (terms and conditions)(१) दोस्रो पक्षले देहायका शर्तहरु पालना गर्नुपर्नेछ ।

(क) सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिले ७ दिनभित्र सुरु गर्नुपर्नेछ ।

(ख) जग्गाको प्रयोग वातावरणीय दृष्टिकोणले प्रतिकूल नहुने गरी गर्नुपर्नेछ ।

(ग) जग्गा भाडामा लिई खेति गरिएको हकमा जग्गा धनिको अनुमती बेगर जग्गाको कुनै भौतिक स्वरुप परिवर्तन गर्न पाईने छैन ।

(घ) जग्गा जमिनको उपयोग गर्दा उत्पादन र उत्पादकत्व अभिवृद्धि हुने गरी प्रयोग गर्नुपर्ने छ ।

(ङ) सम्झौता भंग गरेमा वा सम्झौता बमोजिम कार्य नगरेमा लाभग्राहिले अनुदान रकम दावी गर्न पाउने छैन्न ।

(२) प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम सम्पन्न भए पश्चात् सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रथम पक्षले रकम भुक्तानी गर्दा अनुगमन समितिलको प्रतिवेदन र आवश्यकता अनुसार सम्पादित कार्यक्रमको निरिक्षण गरी रकम भुक्तानी गर्नेछ ।

४. अनुदान बापत रु.............(अक्षरेपि ...................मात्र) नियमअनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउनेछ ।

५. दोस्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बनाई गर्नु पर्नेछ ।

६. पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन गर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारि बाँकी सरह असुल उपर गरिनेछ ।

८. दोस्रो पक्षको बैंक खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम सञ्चालन अवधीमा यी विवरणहरुमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

| | |
|---|---|
| बैंकको नाम तथा ठेगाना;- | |
| बैंकको खाताको नाम;- | |
| बैंक खाता नं;- | |
| बैंक खाताको किसिम;- | |
| बैंक खाता संञ्चालकको नाम;-<br>पद;- | |

९.यस सम्झौतामा उल्लेखभएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्ष तर्फको अधिकारक हस्ताक्षर | दोस्रो पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर |
|---|---|
| हस्ताक्षर;<br>नाम;<br>पद;<br>संस्था;<br>ठेगाना;<br>छाप;<br>मिति; | हस्ताक्षर;<br>नाम;<br>पद;<br>संस्था;<br>ठेगाना;<br>छाप;<br>मिति; |
| रोहबर;<br>नाम;<br>पद;<br>संस्था;<br>ठेगाना;<br>मिति; | रोहबर;<br>नाम;<br>पद;<br>संस्था;<br>ठेगाना;<br>मिति; |

**प्रमाणिकरण मितिः२०८१/०७/२८**
**राजपत्रमा प्रकाशन मितिः २०८१/०७/२९**

**आज्ञाले**
**विष्णु प्रसाद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**